हरेक खबर, विशेष खबर

जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७

राष्ट्रिय दैनिक

# लहानपोस्ट

LAHANPOST DAILY

लेख, रचना, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्।

लहानपोस्ट दैनिकको कार्यालय
लहान न.पा.-१०, ग्रामीण चौक
फोन नं.: ०३३-५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५, ९८०२३१९१९२, ९८०२३१९१९३

बर्ष : ०१ अंक : ४७ पृष्ठ : ४ २०७७ भदौ १५ गते सोमबार (Monday 31 August 2020) www.lahanpost.com मूल्य रु. ५।-

FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

*बल्ल उठ्यो फोहोर*

## प्रमुख जिल्ला अधिकारी र सरोकारवालाको पहलमा लहानको फोहोर उठाउन सुरु

**लहान । गत साउन १३ गतेदेखि उठाउन रोकिएको लहान नगरक्षेत्रको फोहोर सिरहाका प्रमुख जिल्ला अधिकारी प्रदिपराज कणेल र सरोकारवालाहरुको पहलमा आइतबारबाट उठाउन सुरु गरिएको छ । लहान नगरपालिका-७ स्थित राम मन्दिर क्षेत्रमा थुपारिएको फोहोरलाई आइतबार प्रमुख जिल्ला अधिकारी कणेल, नगर प्रमुख मुनि साह, चोहर्वास्थित शेर गणका गणपति प्रमुख सेनानी जितेन्द्र कुमार गौली, सिरहाका प्रहरी प्रमुख एसपी उमाशंकर पजियार, सिरहाका सशस्त्र प्रहरी प्रमुख दीपेन्द्र गिरि लगायत वडाध्यक्ष, सञ्चारकर्मीको सहभागितामा फोहोर उठाउन सुरु गरिएको हो ।**







*फोटोहरु : लहान नगरपालिका -७ स्थित राममन्दिर क्षेत्रमा थुपारिएको फोहोर उठाईदै ।*

यसअघि लामो समयसम्म बजार क्षेत्रमा थुप्रिएको फोहोर नउठाएको भन्दै स्थानीय मस जोडिका नामले परिचित महेश चौधरी-संगीता कर्माचार्यले फोहोर उठाएर सांकेतिक विरोध जनाउँदै आएका थिए । विगत एक महिना देखि सरसफाइकर्मीले बजारमा भएको फोहोरलाई भाँडु लगाएर ठाउँठाउँमा थुपारे पनि त्यहाँबाट फोहोरको डंगुर उठन नसक्दा बजार दुर्गन्धित बन्दै गईरहेको थियो । फोहर उठन नसक्दा सर्वसाधारणलाई आवतजावत गर्न समस्या भएपछि ती जोडिले फोहोर उठाएर नगरपालिकाप्रति सांकेतिक विरोधको संकेत गरेका थिए ।

लहान नगरपालिकाको वडा नम्बर ४ स्थित खुट्टि र बलान नदीको दोभानमा फोहोरमैला व्यवस्थापन केन्द्र छ । त्यहाँ फोहोर फाल्दा समुदायमा असर परेको भन्दै स्थानीयले अवरोध गर्दै आएका थिए । लहान नगरपालिकाको शहरी क्षेत्र १ देखि १० नम्बर सम्मका वडामा दैनिक जम्मा हुने फोहोर त्यही केन्द्रमा व्यवस्थापन हुँदै आएको थियो ।

तर फोहोर व्यवस्थापन केन्द्रको मुद्दा अदालतमा विचाराधीन रहेको हुँदा अदालतको फैसला नआउन्जेल सम्मका लागि वडा नम्बर ४ का स्थानीयसँग एक घण्टा भित्रै सोही वडामै पर्ने खुट्टि र बलान नदीको दोभानमा फोहोर फाल्ने सहमती भए पछि फोहोर उठाउने कार्य सुरु गरिएको प्रमुख जिल्ला अधिकारी प्रदिपराज कणेलले बताए ।

## सुखीपुरमा पनि सरसफाइ

**लहान ।** रामजानकी टोल सुधार समितिले सुखिपुर नगरक्षेत्रमा सरसफाइ अभियान सुरू गरेको छ । सुखिपुर उद्योग व्यापार समितिका संस्थापक अध्यक्ष अशोक प्रसाद गुप्ता, नगर सुधार समितिका अध्यक्ष बि पी भुवन यादव , सुखिपुर नगर युवा संजालका उपाध्यक्ष ओम प्रकाश मण्डल, रामजानकी टोल सुधार समितिका अध्यक्ष रामपुकार साहको सक्रियतामा नगरसफाइ अभियान सुरु गरिएको हो ।

सुखिपुर नगरपालिकामा विभिन्न किसिमको सरसफाइ कार्यक्रम चले तापनि फोहोरमैला व्यवस्थापन हुन सकिरहेको थिए । नगरपालिका सफा राख्नका लागि त दीर्घकालीन समाधानका उपाय अम्बलम्बन गर्नुपर्ने सफाइ सहभागीले सुझाए । सरसफाइ कार्यक्रम सुखिपुर नगरपालिकाको शुभकामना चोकदेखि सुरु भएर ईलाका प्रहरी कार्यालय सम्मका बाटोमा सफा गरेर कार्यक्रम समापन गरिएको थियो ।

## भुण्डिएको अवस्थामा फेला

सिरहा । सिरहाको नरहा गाउँपालिका-४ ललभितियामा एक महिला सलले पासो लगाई भुण्डिएको अवस्थामा फेला परेको छ ।

जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार ललभितियाका रामभरोस यादवको अन्दाजी २५ बर्षिया बुहारी रेखा कुमारी यादव आफ्नै घरमा सलले पासो लगाई भुण्डिएको अवस्थामा फेला परेको हो । मृतक रेखाको शव पोष्टमार्टम पछि दाहसंस्कारको लागि ललभितिया लगिएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ ।

सासु, ससुरा र देवरसँग अलग भई रेखा एकलो बस्दै आएकी थिइन् । उनको पति बैदेशिक रोजगारीका क्रममा खाडी मुलुकमा छन् ।

घटनाको अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

### भित्री पृष्ठमा

२००७ सालको राजनीतिक द्वन्द्व र त्यसको परिणाम
पेज २ मा

कोरोना भाइरस र हामी स्वास्थ्यकर्मी
पेज ३ मा

विकासका लागि अर्ग्यानिक ज्ञान र सीपको पुर्नजागरण
स्तम्भ : पालिका बहस
पेज ४ मा

## 'महामारी नियन्त्रणका लागि प्रदेश सरकारले कुनै कमी हुन दिने छैन' : मुख्यमन्त्री राउत

लहान । मुख्यमन्त्री लालबाबु राउतले कोरोना महामारी नियन्त्रणका लागि प्रदेश सरकारले सबै जिल्लालाई स्वास्थ्य सामग्रीसहितको आवश्यक रकमसमेत पठाई सकेकोले अगामी दिनमासमेत कुनै कमी हुन नदिने बताएका छन् ।

महामारी नियन्त्रणको लागि आवश्यक सल्लाह सुझाव लिन सिरहाको लहानमा आइतबार आयोजित सिरहा र सप्तरीका सरोकारवालाहरुसँगको छलफलमा मुख्यमन्त्री राउतले त्यस्तो बताएका हुन । उनले महामारी नियन्त्रणको लागि प्रदेश सरकारले जिल्लाहरूमा उपलब्ध गराएको स्रोत, साधनलाई इमान्दारिताका साथ सदुपयोग गर्न सरोकारवाला निकायहरूलाई निर्देशन समेत दिएका छन् ।

उनले सबै जिल्लामा पीसीआर ल्याबसहितको अन्य सुविधाहरू एक महिना भित्रै परिपूर्ति हुने आश्वासनसमेत दिए ।



कार्यक्रममा सामाजिक विकास मन्त्री नवल किशोर साह, पूर्वसंघीय स्वास्थ्य राज्यमन्त्री एवं विज्ञ समूहका सदस्य डा. सुरेन्द्र यादव, मुख्य न्यायाधीवक्ता दिपेन्द्र भा, सशस्त्र प्रहरी एवम् अनुसन्धानका डिआइजीहरू, नेपाल प्रहरी एवम् नेपाली सेना प्रदेश कार्यालयका प्रतिनिधिहरू, सिरहा र सप्तरीका प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकायका प्रमुखहरू, अस्पतालका मेडिकल सुपरिटेन्डेन्टहरू एवम् स्थानीय तहका प्रमुखहरूको सहभागिता रहेको थियो । मुख्यमन्त्री राउतले महामारी नियन्त्रणका लागि पर्सा, बारा, रौतहट र सर्लाहीका सरोकारवालाहरूसँग यस अघि नै सुझाव लिइसकेका छन् भने धनुषा र महोत्तरीका सरोकारवालाहरूसँग मंगलबार सुझाव लिने कार्यक्रम रहेको जनाइएको छ ।

### कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा मास्कको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवादन गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।

नवराजपुर गाउँपालिका कार्यालय, सिरहा

### हार्दिक शुभकामना

सिरहाको लहानबाट "लहान पोस्ट" राष्ट्रिय दैनिक पत्रिका र 'www.lahanpost.com' प्रकाशनमा आएको हुँदा यस पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दै शुभकामना व्यक्त गर्दछु ।



**कन्हैया प्रसाद गुप्ता**
वडा अध्यक्ष
लहान नगरपालिका-२३

# सम्पादकीय

## सार्वजनिक जग्गा संरक्षण गरौं

मुलुकी देवानी (संहिता) ऐन, २०७४ को परिच्छेद ५ मा सरकारी, सार्वजनिक तथा सामुदायिक सम्पत्ति सम्बन्धी व्यवस्था गरिएको छ । ऐनको दफा २९९ मा सडक, बाटो वा रेल्वे, वन, जङ्गल वा वन जङ्गलमा रहेका रुख, बुट्यान, नहर, कुलो वा ऐलानी, पर्ती जग्गा, खनिज वा खनिज पदार्थ, हिमाल, भीर, पहरा, डगर, बगर, सार्वजनिक बगैँचा, सार्वजनिक, सामुदायिक, गुठी वा कुनै व्यक्तिको नाममा रहेको सम्पत्ति बाहेकको अन्य सम्पत्तिलाई नेपाल सरकार, प्रदेश सरकार र स्थानिय तहको हक, स्वामित्व, नियन्त्रण वा अधीनमा रहेको सरकारी सम्पत्ति मानिने उल्लेख छ ।

सोही ऐनको दफा ३०० मा परापूर्वकालदेखि रहेको घर, जग्गा, ढल वा बाटो, कुवा, पँधेरो, पानीघाट, इनार, पोखरी तथा त्यसको डील,गाईवस्तु निकाल्ने निकास, गौचर, खर्क, अन्त्यष्टीस्थल, चिहान, मसानघाट, समाधिस्थल कब्रिस्थान रहेको जग्गा, पाटी, पौवा, देवल, धार्मिक उपासनास्थल, स्मारक, मठ, मन्दिर, चैत्य, गुम्बा, स्तूप, मस्जीद, इदगाह, कब्रगाह, गिर्जाघर, चोक, डबली, चौतारी वा सो रहेको जग्गा, हाट, मेला, सार्वजनिक रूपमा मनोरञ्जन गर्ने वा खेलकुद गर्ने ठाउँ रहेको जग्गा, सार्वजनिक प्रयोजनको लागि कसैले प्रदान गरेको निजी सम्पत्ति लगायतलाई सार्वजनिक जग्गा मानिएको छ ।

कानुनत : सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण गर्ने कार्य भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र अन्तर्गतका निकायहरूको हो । नेपाल सरकार कार्य विभाजन नियमावली, २०७४ ले यसबारे प्रष्ट बोलेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले आफ्नो क्षेत्रभित्रको सार्वजनिक जग्गाको संरक्षण गर्ने काम सम्बन्धित स्थानीय तहको हो भनेको छ । स्थानीय प्रशासन ऐन, २०२८ ले यस्तो जग्गाको संरक्षण गर्ने जिम्मेवार व्यक्ति प्रमुख जिल्ला अधिकारीलाई ठानेको छ । अनि मालपोत ऐन, २०३४ ले मालपोत कार्यालयले सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण गर्नुपर्छ भनेको छ ।

तर ती निकायले एकले अर्कोलाई देखाउँदै जिम्मेवारीबाट पन्छिने क्रम बढ्दो छ । ती निकायले जिम्मेवारीबाट पन्छिदा सार्वजनिक जग्गामा 'भूमाफिया' गिरोहको गिद्धेनजर पर्ने गरेको छ । यत्रतत्र धेरै बोलिने, सुनिने र पढिने शब्द हो 'भूमाफिया' । वास्तवमा भूमाफिया अमूर्त शब्द हो जसरी पञ्चायतकालमा 'भूमिगत गिरोह' ले निकै चर्चा पाएको थियो । त्यसैले मुलुकमा जति पनि सरकारी सार्वजनिक जग्गा अतिक्रमण गर्ने, हडप्ने, स्वामित्व परिवर्तन गर्ने जस्ता कुकृत्य भइरहेका छन् ती सबैमा मुख्य हात कर्मचारीको छ । जबसम्म कर्मचारीको मिलेमतो हुँदैन तबसम्म यस्ता काम सम्पन्न त के सुरुवात नै हुन सक्दैन । त्यसैले भूमाफिया विशेषण जोडिएका व्यक्ति/समूह र कर्मचारीको संयुक्त षड्यन्त्र नै यस्ता जग्गा सरकारी नियन्त्रणबाट फुत्कनुको मूल कारण हुनेमा शंका छैन ।

यसका लागि कर्मचारीले कानुनका छिद्र (जुन कानुन बनाउँदा नै कर्मचारी स्वयंले जानाजानी घुसाएका हुन्छन) प्रयोग गर्छन् । कार्यप्रणालीलाई भद्दा बनाउँछन्। स्रेस्ता र अभिलेखहरू भद्रगोल तुल्याउँछन् । अनि 'रेकर्ड नपाएको', 'खोज्न समय लाग्ने', 'नबुझिने अवस्थामा भेटिएको', 'च्यातिएको', 'भिजेको' जस्ता तुरुपको सहायतामा चलखेलको पाँजो मिलाउँछन् । यस्तै भएको छ पछिल्लो पटक सिरहामा वनको जग्गामा । १९ वर्षअघि वनको जग्गामा भूमाफिया नजर पर्‍यो । तर पछिल्लो पटक सिरहा जिल्ला अदालतको फैसला, वन कार्यालय र जिल्ला प्रशासनको सक्रियताले भूमाफियाबाट वनको जग्गा जोगिएको छ ।

जग्गा हडप्ने पहुँच हुनेले नै हो । जोसँग कुनै पनि निकायमा पहुँच छैन, उसको त भएको पनि घट्दै जाने हो । त्यसैले जग्गा अतिक्रमण रोक्न राज्यले तत्काल कडा कदम चाल्नुपर्ने आवश्यक छ । जसले गर्दा 'भूमाफिया' ले चलखेल गर्न नसकोस ।

# •२००७ सालको राजनीतिक द्वन्द्व र त्यसको परिणाम•

२००७ सालको क्रान्तिका सम्बन्धमा अझैसम्म राम्रो अध्ययन भएको छैन । त्यसमा सक्रिय भाग लिने व्यक्ति वा पार्टी तथा त्यसको विरोधमा उधिने व्यक्ति वा सङ्गठन दुवैले २००७ सालको ऐतिहासिक घटनाको वैज्ञानिक विवेचना गर्न सकेका छैनन् । यसको कारण के हो भने जहाँ पहिले यावत् राजनीतिक अधिकारलाई एकपक्षले एकलौटी उपभोग गर्थ्यो र अर्को पक्षलाई कुनै किसिमको अधिकार प्रयोग गर्ने अवसर थिएन, त्यहाँ क्रान्तिको परिमाणले दुवै पक्षलाई राजनीतिक अधिकार प्रयोग गर्ने क्षेत्रमा समान रूपले स्थापित गर्‍यो । यो द्वन्द्व राजनीतिक क्षेत्रमा अत्यन्त महँगो सावित भयो । वर्तमान राजनीतिक अस्थिरता यसै कारण उत्पन्न भएको हो । अहिले सात वर्षदेखि एउटाले अर्कोलाई दोष दिने जुन परम्परा स्थापित भएको छ, त्यसको कारण पनि यही राजनीतिक द्वन्द्व हो । क्रान्तिपछिको मनोवैज्ञानिक क्षणमा एकपटक राजनीतिक द्वन्द्वको छाप देखा परेपछि राजनीतिका यावत् घटनामा यसको नजानिँदो आसर पर्न गयो । केवल दुई प्रधान विचारधारामा मात्र देश बाँडिएन, समयान्तरमा ती दुई विचारधाराका आनेकानेक शाखा–प्रशाखा बन्दै गए । त्यसबाट देशमा उत्पन्न असजिलो स्थितिको जिम्मेवारीलाई एउटाले अर्काको टाउकोमा फाल्ने प्रक्रियाका लागि सजिलैसँग वातवरण तयार गर्‍यो । यस वातावरणको कत्रो प्रभाव रहेछ, त्यो त हामी श्री ५ का बीच–बीचका घोषणाबाट पनि थाहा पाउन सक्छौं । यस किसिमको द्वन्द्वमय परिस्थितिमा २००७ सालको वैज्ञानिक अध्ययन नहुनु स्वाभाविक छ । एकपक्ष यसका त्रुटिहरूलाई स्वीकार गर्न र अर्को पक्ष यसमा कुनै किसिमको गुण हेर्न तयार नहुने भए । यहाँ रमितामा लागेका व्यक्तिहरूको चर्चा गरिने छैन । यहाँको राजनीतिमा उनीहरूको कार्यअनुरूप विशेष प्रभाव आशा गरिएजस्तो भएन ।

हामी त्यस्तै प्रकारको राजनीतिक व्यवस्था पाउँछौं, हामी जसका लागि उपयुक्त छौं । अर्थात् राजनीतिक व्यवस्थाका सामाजिक नारा हुन्छन् । सामाजिक स्थिति इच्छित व्यवस्थाअनुरूप निर्माण भइसकेको छैन भने चाहेको त्यो व्यवस्था आउन सक्तैन र कथंकदाचित् आई नै हाल्यो भने पनि त्यो स्थायी हुदैन । यो राजनीतिक सत्यलाई २००७ सालको क्रान्तिको अध्ययनले प्रमाणित गर्दछ । राणाहरूको शासनमा प्रजालाई कुनै किसिमको राजनीतिक अधिकार उपलब्ध थिएन, न आफ्नो काँधलाई प्रशस्त र सबल पारेको त्यस्तो बलियो वर्गको व्यापक निर्माण नै भइसकेको थियो, न त सर्वसाधारणमा उत्तरदायित्वको अनुरूप व्यापक चेतना नै आइसकेको थियो । युद्धोपरान्तको दुनियाँमा राणाशाही

## बिपी कोइराला राजनीतिक अभिलेख

व्यवस्था असम्भव थियो । साथै, त्यसले भविष्यको सामाजिक उत्थानको बाटोलाई पनि छेकेर राखेको थियो । यसकारण बाहिर र भित्र दुवै स्थितिको सम्मिलित दबाबले गर्दा राणाशाहीको अन्त्य अवश्यंभावी थियो । साधारण प्रयत्नमा नै राणाशाही व्यवस्थाको छिट्टै अन्त्य हुनु कुनै विलक्षण कुरो होइन । पाकेको फल स्वत : भुइँमा खस्छ ।

क्रान्तिको कल्पनातीत सफलताले गर्दा क्रान्तिपक्षीय नेताहरूले त्यसको उद्देश्य वा २००७ सालको क्रान्तिको ऐतिहासिक लक्ष्यका सम्बन्धमा कठोर वैज्ञानिक दृष्टिकोण राखेनन् र क्रान्तिको सफलताजनित उत्साहमा वस्तुस्थितिलाई उपेक्षा गरेर उद्देश्यमा अभिवृद्धि गर्ने प्रयत्न गरे । क्रान्तिको एउटा सीमित उद्देश्य रहेछ, त्यो उद्देश्य त्यसले पूरा गरेको छ भन्ने इतिहासले प्रमाणित गर्‍यो । हामी क्रान्तिले प्राप्त गराएको सीमित अधिकारको उपभोग गर्न थालेका छौं । राजनीतिमा खुला भएर काम गर्ने सुविधा, सङ्गठन र लेख्ने–पढ्ने अधिकार, वणिज्य र व्यापारको क्षेत्रमा पनि केही सजिलेपन, स्कुल–विद्यालयको निर्विरोध स्थापना गर्न पाउने हक, ऐन–कानुनमा पनि प्रजातान्त्रिक पद्धतिअनुसारका सुधार, शासक र शासितका बीचको सम्बन्धमा पनि केही न केही वाञ्छनीय परिवर्तन, राष्ट्रिय सेनालाई सामन्ती जड्कनबाट मुक्ति र प्रजातान्त्रिक आधारमा यसको पुनर्सङ्गठनको प्रयत्न, इत्यादि २००७ सालको क्रान्तिका देन हुन् । हामी कोही पनि २००७ सालको क्रान्तिले केही गर्न सकेन भनेर भन्न सक्तैनौं । क्रान्तिविरोधी तत्व तथा सङगठनहरूसमेत क्रान्तिप्रदत्त अधिकारका विरूद्ध केही प्रचार गर्न सक्तैनन् । हामी पनि क्रान्तिका पक्षमा थियौं र प्राप्त अधिकारको संरक्षणका लागि अरूसरह नै सचेष्ट छौं भन्ने प्रचार उनीहरूबाट हुन्छ । २००७ सालको क्रान्तिको जति ऐतिहासिक उत्तरदायित्व थियो, त्यति त्यसले पूरा गर्‍यो । समाजले पनि जति तयारी गरेको थियो, त्यसैअनुरूप अधिकार पायो । सामाजिक शक्तिले काँधमा थाम्न सक्ने भारी हाल्यो । तर, क्रान्तिका नेताहरूले क्रान्तिको उद्देश्यलाई बढीभन्दा बढी प्रशस्त बनाउन चाहे । क्रान्तिबाट जति प्राप्त हुन सक्थ्यो, उनीहरूले त्यसबाट त्यो भन्दा धेरै बढी प्राप्त गर्ने प्रयत्न गरे । उनीहरूले गाईले दिन सक्ने दूधभन्दा बढी दुहुन खोजे । यसले गर्दा राजनीतिमा विभ्रम उत्पन्न भयो । त्यो विभ्रम अकाङ्क्षा र परिणामको सङ्घर्षबाट खडा भएको हो । तत्कालै पूर्ण प्रजातन्त्रिक अधिकार र आर्थिक क्षेत्रमा समाजवादी सिद्धान्तका प्रारम्भिक उद्देश्य प्राप्त गर्नेआकाङ्क्षा तर परिणाममा समाजजादको त कुरा नै छैन , प्रजातान्त्रिक अधिकार पनि प्रारम्भिक अवस्थाको अनुरूप मात्र उपलब्ध भएकाले स्वभावतः हाम्रो देश कामना र सामर्थ्यमा विदारक र असामञ्जस्य भयो । जनतालाई उनीहरूले चिताएको जति अधिकार प्राप्त भएन । क्रान्तिका नेताहरूले पनि जनतामा ठूला–ठूला कुराको आशा गर्न सिकाए । र, त्यो प्राप्त नहुँदा निराशाको वातावरण सृष्टि गर्ने अवस्था तयार भयो । यद्यपि, चिताएको फल पाइएन, तर केही न केही उपलब्धि त हासिल भयो भन्ने तथ्यलाई जनताले बिर्सिए । राणाका पालाको निसास्सिने शासन त अन्त्य भयो । क्रान्तिविरोधि तत्वहरूले ठीक यही क्रान्तिको आकाङ्क्षा र परिणामबाट उत्पन्न भएको विभ्रम र निराशाको मनोभावनाको पूरा लाभ उठाउने प्रयत्न गरे । दुर्भाग्य, ती तत्वहरूले यसमा निकै सफलता पनि पाए । २००७ सालको अन्तरिम विधान, बिर्ता उन्मूलनका लागि चालेको सक्रिय कदम, जङ्गलको राष्ट्रियकरण, जमिनको नयाँ व्यवस्था, विधानपरिषद्का लागि भएको घोषणा, वैधानिक राजतन्त्रको सिद्धान्तको व्यवहारीकरण इत्यादि क्रान्तिपक्षीय आकाङ्क्षा थिए । शनैःशनैः अधिकारको अपहरण हुनु आकाङ्क्षा र परिणामको असामञ्जस्यको मापन हो । क्रान्तिपक्षीय नेताहरूले निकै ठूलाठूला सुधारका काम हातमा लिन गालेका थिए । उनीहरूले अत्यन्त : बढी उत्साहसँग पाइला चाल्न लागेका थिए । प्रारम्भका केही महिनामा सम्पादित उन्नतिका कार्यहरूलाई विचार गर्दा विदेशी विशेषज्ञहरु पनि चकित भएका थिए । उनीहरूलाई अगाडि बढ्न कुनै हिच्किचाहट थिएन । तर, दुर्भागवश हाम्रो सामाजिक तयारी अपर्याप्त थियो । जुन महलको कल्पना भइरहेको थियो, त्यसको सामाजिक जग बसिसकेको थिएन । आफ्नो चाहनाको अवहेलना भएमा सामाजिक तत्वले आफ्नै तरिकाबाट बदला लिन्छ । सामाजिक शक्तिको समान रूप नभएकाले सुधार गर्न चाहने व्यक्तिहरूका सामुन्ने नाना किसिमका बाधा उपस्थिति हुन थाले । सुधारवादी शक्तिको समाजका यावत् शक्तिको मुकाबिला गर्नुपर्‍यो । सुधारविरोधी त विरोधी नै भए । तर सुधारका पक्षमा जोसँग मद्दतको आशा गरिन्थ्यो, तिनीहरूबाट पनि सुधारपक्षीय शक्तिले मद्दत पाउने कुरा त परै जाओस् विरोध मात्र पाइरहे । क्रान्तिको उद्देश्यलाई विस्तृत गराउन चाहँदा सामाजिक शक्तिले क्रान्तिकारीहरूमाथि आफ्नो बदला लियो । कम्युनिस्ट पार्टी र अरू प्रगतिशील तत्व कहलाइएका सङ्गठनहरूद्वारा क्रान्ति पक्षधरको विरोध भयो । यद्यपि, उनीहरूको नारा उग्र थियो, तर उनीहरूको कार्यको प्रभाव उल्टो पर्न गयो । अर्थात् उनीहरूका कार्यकलापले क्रान्तिविरोधी शक्ति मात्र सबल भए । कम्युनिस्टहरूले सात सालको क्रान्तिलाई ६ वर्षसम्म प्रगतिको एउटा घटना हो भन्ने स्वीकार गर्न तयार नहुनु एउटा ठूलो राजनीतिक–सामाजिक व्यङ्ग्य होइन ? 'क्रान्तिको निमित्त सामाजिक शक्ति तयार नहुँदा विरोधी शक्तिले आफ्नो पक्षमा विभिन्न किसिमको सहायता प्राप्त गर्न सक्यो', मेरो भनाइको तात्पर्य यहाँ यतिमात्र हो । यसको उत्तरमा 'प्रगतिशील'हरूले भन्नेछन्–'उनीहरूले त त्यस समयमा उठेका अप्रगतिशील कदमहरूको विरोध पो गरेका थिए ।' यता क्रान्तिको तागत घटेर गएपछि ज्न विशुद्ध प्रतिक्रियावादी कदम चालिएका छन् र जसरी क्रान्तिका उपलब्धिहरूलाई नग्न रूपबाट एक–एक गरेर मास्ने प्रयत्न हुन लागेको छ, त्यसमा उनीहरूले के गरेका छन् र के गरिरहेका छन् भन्नेबाटै उनीहरूको यस तर्कको खोक्रोपन सावित हुन्छ । यहाँ मैले दोषारोपण गर्ने उद्देश्यले यी सब कुराको जिकिर गेरेको होइन । २००७ सालको क्रान्तिको अध्ययनमा प्रगतिशील तत्वहरु पनि त्यस क्रान्तिको सीमित लक्ष्यलाई विस्तृत बनाउन खोज्ने क्रान्तिपक्षीय तत्वको विरूद्ध कसरी अविकसित सामाजिक शक्तिका हतियार हुनपुगे भनेर हेर्नु मात्र मेरो उद्देश्य हो । –*१९५८, मार्च २५ (स्रोत : 'कल्पना' पूर्णाङ्क ५२)*

## कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा मास्कको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवादन गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।

लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा

# कोरोना भाइरस र हामी स्वास्थ्यकर्मी

## स्वास्थ्यकर्मीको भोगाइ

जानुका पराजुली



हामी नेपाली कोरोना भाइरसको नाम सुन्ने बित्तीकै डराउँछौं । सर्वप्रथम त हाम्रो दिमागमा बसीसकेको छ की कोरोना लागेपछि मरिन्छ । म एउटा स्वास्थ्यकर्मी यही समाजमा मेरो ठूलो प्रतिष्ठा बनेको थियो । आज यदि समाजमा मेरो प्रतिष्ठा सबै गुमेको छ कारण हो– 'कोरोना भाइरस' । यो पनि एउटा रोग हो । सतर्कता अपनाउने हो भने यो पनि ठिक हुन्छ भन्ने धारणा मेरो समाजको व्यक्तिमा छैन । हाम्रो समाज असिक्षित भनौं भने प्रत्येक घरमा शिक्षक, शिक्षिका, प्रोफेसर, इन्जिनियर, कार्यालय प्रमुख छन् । तर ती व्यक्तिहरु मसँग बोल्न डराउँछन । ती नै व्यक्तिहरु हिजोसम्म सानोतिनो समस्यामा पनि मसँग सल्लाह लिन आउँथे भने आज तिनै व्यक्तिहरु म हिडेको बाटो भरसक नहिडौं भन्छन् । त्यही समाजमा विपन्न परिवार पनि छन् उनीहरु भने मसँग परैबाट भएपनि बोल्न पछि हट्दैनन् । किनकी स्थस्थ्यकर्मी हुँ । अब मेरो आवश्यकता यो समाजलाई छैन त ? मेरो परिवारका कुनै पनि व्यक्तिसँग कोही पनि बोल्दैनन्, किनकी म एउटा स्वस्थ्यकर्मी हुँ । प्रत्येक समाजले स्वस्थ्यकर्मीलाई हेला गरेर सामाजिक बहिस्कार गर्ने हो भने त्यो समाजमा व्यक्तिहरु विरामी पर्दा कहाँ जान्छन, त ? म प्रत्येक दिन आफ्नो कार्यालयमा काम गर्न पछि हट्दिन किनकी त्यसो गर्न मेरो नैतिकताले दिदैंन ।

मेरो पनि परिवार छ, बालबच्चा छन्, उनीहरुको प्रवाह नगरी म आफ्नो कर्तव्य निर्वाह गर्नमा लागिपरेको यो समाजले खै देखेको । मलाई पनि रहर छ परिवारसँग बसेर रमाएर घरमा नै बस्ने तर सबै स्वास्थ्यकर्मीहरुले त्यसो गर्ने हो भने समाजमा तिनै व्यक्ति विरामी पर्दा के गर्छन त ? छ उपाय केही ? कसरी बुझाउँ म मेरो व्यथा ।

घामपानी, दिनरात, भोकप्यास नभनी हामी खटिएका छौँ सेवामा । तर हामीलाई नै घृणा किन गर्दैछ यो समाजले ? यसरी स्वास्थ्यकर्मीलाई अपहेलना गर्दै जाने हो भने यो समाज कसरी स्वस्थ्य बन्दछ । यी कुराहरुमा हाम्रा जनप्रतिनिधिहरुले अलिकति विचार पुर्‍याउने हो कि भन्ने लाग्दछ मलाई । नयाँ सालमा परिवारसँग बसेर रमाउने रहर थियो तर त्यो रहरलाई एउटा कुनामा थाँती राखेर म आफ्नो कर्तव्य पालना गर्न लागी परें । प्रत्येक चाड मेरा लागि यादगार बनिरहृयो । हिन्दु महिलाहरुको महान चाड हरितालिका तीज, यो चाडमा माईती जाने चलन पुस्तौंपुस्ताकालदेखि नै चलिआएको छ । प्रत्येक वर्ष विदा मिलाएर माईती गएर साथीसंगी, नातागोताको साथमा रमाउने गरेका थियौं तर यो वर्ष भने आफ्नो कर्तव्य पूरा गर्नमा लागि परे । तर त्यो हेर्ने दृष्टि छैन मेरो समाजको ।

तर पनि मलाई गर्व छ यो समाज प्रति किनकी म एक्लै मेरो परिवारको साथ, सर्पोट लिएर अहोरात्र आफ्नो कर्तव्य पूरा गर्न पाएकोमा । मलाई गर्व लाग्छ, म स्वस्थ्यकर्मी हुँ भन्न पाउँदा । म दीनदु:खीको सेवामा रमाउने मान्छे । मलाई मेरो परिवारले साथ दिएको छ । स्मरण रहोस्, प्रत्येक व्यक्तिलाई स्वास्थ्यकर्मीको साथ अवश्य पनि चाहिन्छ, चाहे उ जतिनै शिक्षित र धनाढ्य किन नहोस । नेपालभन्दा विकसित देशहरुमा पनि कोरोना भाइरस फैलिएको छ तर त्यहाँ स्वास्थ्यकर्मीलाई यसरी अपहेलना गरेको खबर सुन्नमा सायदै हामीले पाएनौं । ती विकसित देशहरुमा स्वास्थ्यकर्मीलाई हौसला प्रदान गरियो तर हाम्रो देशको समाज भने घर घेराउ गरेर समाजबाट बहिस्कार गर्न पनि पछि हटेन ।

नजिकिदै गरेको हिन्दुहरुको महान चाड विजयादशमी, तिहार र छठ पर्वमा प्रत्येक हामी स्वास्थ्यकर्मीहरुपनि परिवारसंग बसेर रमाउने हो भने त्यो बेलामा यो समाजका व्यक्तिहरुलाई हाम्रो आवश्यकता नपर्ला भन्न सकिन्न । हामी स्वास्थ्यकर्मीहरुले प्रत्येक चाड विरामीसँग बसेर मनाउने गरेका छौं । यतिसम्म की दशैका, तिहारको टिका पनि विरामीकै हातबाट लगायर मनाएका छौँ । हामी त्यसमा पनि खुसी नै छौँ । जहाँ इच्छा त्यहाँ उपाय भने झै हामी जहाँपनि रमाएर बस्न सक्छौँ । पहिले आफूलाई परिवर्तन गरौँ त्यसपछि समाजलाई परिवर्तन गर्न सकिन्छ । सकारात्मक सोच नै परिवर्तनको बाटो हो । स्वास्थ्यकर्मी भन्ने बित्तिकै घर भाडामा बस्न नदिने अनि कहाँ गएर बसेर विरामीको सेवा गर्ने ? कार्यालय नजिकैको होटलमा खाना खान नदिने, घरबेटीले घरमा बस्न नदिने यी सबै व्यवहारहरुले स्वास्थ्यकर्मीहरुको मनोवल दिन प्रतिदिन घट्दै नजाला भन्न सकिन्न ।

हिजोका दिनमा छोराछोरी डाक्टर, नर्स भन्दा गर्व गर्ने आमाबुबाहरु आज छोराछोरी डाक्टर, नर्स भन्न हिचकिचाउँछन् किनकी समाजबाट तिरस्कृत भईन्छ की भन्ने डर छ । त्यो डर कहिलेसम्म पालिराख्ने हाम्रा आमाबुबाले ?

जहाँ समस्या हन्छ, त्यहाँ उपाय पनि हुन्न भन्ने कुरा सबैले बुझ्नुपर्छ । कोरोना लाग्यो भनेर डराएर, लुकाएर निरास भएर बस्ने हो भने अवश्य मरिन्छ । किनकी कोरोनाले मात्रै होईन कुनै पनि रोगलाई आफुले प्रतिकार गर्न नसक्ने हो भने सामान्य रूघाखोकीले पनि ज्यान जान सक्छ । कोरोनाको लक्षण देखिएपनि त्यो अवस्थामा परिवारको साथ, सपोर्ट, माया आदि इत्यादी कुराहरुले सहारा दिने हो भने कोरोनालाई जित्न सकिन्छ । सर्वप्रथम त आफ्नो मनोवल उच्च राख्नुपर्दछ । जुनसुकै विषयवस्तु र परिस्थितीमा पनि हास्न र रमाउन सक्नुपर्दछ ।

कोरोनाको मुख्य औषधी भनेको नै उच्च मनोवल हो । आफूपनि सचेत भएर परिवारलाई पनि सतर्कता अपनाउनु पर्दछ । माक्स र सेनिटाईजरले मात्रै कोरोना भाग्दैन, त्यसलाई सही तरिकाले प्रयोग गर्न सकेमा मात्र सुरक्षित रहन सकिन्छ ।

यदि हामीले कोरोना लागेको व्यक्तिलाई माया, हौसला प्रदान गर्ने हो भने उ अवस्य पनि ठिक हुन्छ । तर त्यही व्यक्तिलाई घृणा गर्ने हो भने उ अवश्य मर्छ । यदी हाम्रो माया, साथ र हौसलाले उसको जीवन बाँच्दछ भने किन हामीले ति सबै कुराहरु नगर्ने । एक जुट भएर सुरक्षित हुदै हामी हौसला दिनमा अगाडि बढौ । सुरक्षित रहौँ, स्वस्थ्य रहौँ, कोरनालाई उच्च मनोवलले नै जितौ ।

---

दलित जनकल्याण युवा क्लब, लहान, सिरहा

actionaid NEPAL

## खाद्यान्न तथा कोभिड–१९ रोकथामका लागि स्वास्थ्य सुरक्षा सामग्री खरिद गर्न शिलबन्दी बोलपत्र आह्वानको सूचना

**प्रकाशन मितिः २७ अगस्त, २०२० ( ११ भाद्र, २०७७)**

**दलित जनकल्याण युवा क्लब सिरहा र एक्सनएड नेपालको संयुक्त साझेदारीमा संचालित आपतकालीन प्रतिकारी योजना कार्यक्रम ( Emergency Response Plan ) का लागि तपसिल बमोजिमको सामानहरूको आवश्यकता भएको हुँदा राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाहरूसँग काम गरिसकेका इच्छुक नेपाली इजाजत प्राप्त फर्म/कम्पनीहरूले आवश्यक कागजात संलग्न गरि गोप्य शिलबन्दी बोलपत्र तोकिएको ढाँचामा नमूना सहित मिति ११ सेप्टेम्वर २०२० (२६ भाद्र २०७७), साँझ ३ बजेसम्म बुझाउन आह्वान गरी यो सूचना प्रकाशित गरिएको छ ।**

**तपसिल**

| क्र.सं. | विवरण | परिमाण |
|---|---|---|
| १. | खाद्यान्न प्याकेज ( चामल ,गहुको पिठो, सर्वोत्तम पिठो, चना मटर, मुसुरो दाल, धारा तेल र नुन ) | १,४५० |
| २. | कोभिड १९ रोकथाम किट ( डिजीटल थर्मोमिटर, मास्क, सेनिटरी प्याड, लुगा धुने साबुन र नुहाउने साबुन, ) | १,४८० |
| ३. | माथि उल्लेखित समानहरूको ढुवानी र प्याकेजिङ सहितको मुल्य सिरहाको लहानसम्म | |

**शिलबन्दी बोलपत्र फारम र नियम तथा शर्तहरु दलित जन कल्याण युवा क्लब लहानको कार्यालय लहान–१४ बस्तीपुर प्रदिप गिरि आश्रम र एक्सनएड नेपालको पुर्वाञ्चल श्रोत केन्द्र विराटनगर महानगरपालिका वडा नं. १२ स्थित कार्यलयबाट २७ अगस्त २०२० ( ११ भाद्र २०७७) बिहान १० बजे देखि दिउँसो ३ बजेसम्म प्राप्त गर्न सक्नुहुनेछ ।**

**शिलबन्दी बोलपत्र पेश गर्ने ठेगानाहरु**

**दलित जन कल्याण युवा क्लब लहानको कार्यालय, लहान-१४,**
प्रदिप गिरि आश्रम, बस्तीपुर सिरहा
प्रदेश नं. २
सम्पर्क नं. ०३३–५६१२९९,
मोवाईल नं. ९८४१३६३३९१, ९८२४७९६९४९

**एक्सनएड नेपाल पुर्वाञ्चल श्रोत केन्द्र**
पाञ्चाली वडा नं. १२, विराटनगर, मोरङ
प्रदेश नं. १ सगरमाथा पार्टी प्यालेस नजिक
फोन नं. ०२१–४७०५७५, ४७१६३७
मोवाईल नं. ९८०४०६८८५५

**नोट :– बोलपत्र फारम बुझाउन आउदा आफूले उपलब्ध गराउने सामानको १/१ प्रति नमुना पनि साथै बुझाउनु पर्नेछ ।**

*(विस्तृत जानकारीको लागि दलित जनकल्याण युवा क्लब लहानको कार्यलय वा एक्सनएड नेपालको पुर्वाञ्चल श्रोत केन्द्र विराटनगरमा सर्म्पक राख्न सकिनेछ ।)*

---

## कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।**

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

**क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवादन गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।**

**औरही गाउँपालिका कार्यालय, सिरहा**

## कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।**

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

**क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवादन गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।**

**भगवानपुर गाउँपालिका कार्यालय, सिरहा**

# विकासका लागि अर्ग्यानिक ज्ञान र सीपको पुर्नजागरण

## पालिका बहस

### डा. विजयप्रसाद मिश्र



अहिलेको यान्त्रिक भौतिकवादी विकासको विश्वव्यापी मोडलले विश्वलाई कहाँ लाने हो भन्ने प्रश्न कोरोनाको कहरपछि जोडतोडले उठीरहेको छ । कोरोनाको कहर पछि विकासको नयाँ मोडलको खोजीमा विश्व लाग्ने नै छ । हामी नेपालीहरु अहिले यान्त्रिकतर्फ उन्मूख मात्र छौं । हामीले तत्काल हाम्रो विकासको मोडल परिवर्तन गरेनौ भने मानवीय बर्चश्वलाई भडखालोमा हाल्न सक्छौं । यस्तो अवस्थामा प्रकृतिमैत्री, जैविक, समावेशी, सामाजिक न्यायमा आधारित दीगो विकासको अवधारणालाई आत्मसाथ गर्नुको विकल्प छैन् । समाजवादको नयाँ मोडलमा यसलाई घुसाउनु आवश्यक छ । पालिकाकाका जनप्रतिनिधि र कर्मचारीहरूले यसबारेमा बहस चलाउनु पर्ने देखिन्छ ।

गाउँ, समुदायको विकास गर्छु भनेर जनप्रतिनिधि भएकाहरूले अर्ग्यानिक ज्ञान र सीपको पुर्नजागरण तर्फ हात हाल्ने बेला आइसकेको छ । यसका लागि हामीले पुर्खाले दैनिकी सञ्चालनका लागि गरेको जोरजाम र त्यसको जैविक र प्राकृतिक महत्वको बारेमा बुझ्न आवश्यक छ । परापूर्वकालदेखि मानव र समुदायले गरेको प्रयोग, तर्क र बुद्धिबाट परिष्कृत भएर आएको अनुभवहरूबाट स्थापित मानवीय मूल्य मान्यताको आफ्नै गौरब छ । समाजका घर, परिवार, समुदायको समस्या समाधान गर्न, दैनिकी सञ्चालन गर्न, मनोरञ्जन गर्न स्वतस्फूर्त रूपमा बनिएका समूह, समिति, सञ्जालले निरन्तर गरिरहेको क्रियाकलापहरूबाट विस्तारै विकसित हुँदै बनेका संस्कार र त्यही संस्कारहरु अनुशरण गर्दागर्दै तयार भएको स्थानीय संस्कृति, लोक संस्कृति नै जीवनका सही आधारहरु हुन् । मानवीय मूल्य मान्यता, संस्कार र संस्कृतिहरूको ज्ञानको कुनै अन्तिम विन्दु हुँदैन । यो अनन्त, असिमीत, निरन्तर भइरहने कुरा हो । यसैको सेरोफेरोमा मानव जीवन परिचालित छ । ज्ञान विना जीवन अधुरो छ र जीवनहरूको अनुभूति, व्यवहार, आइपर्ने समस्या र तिनको समाधानका लागि अपनाइएको तौरतरिकाहरूलाई मथेर नै ज्ञानको प्रतिपादन हुन्छ । ज्ञान र जीवनबीच नङ्मासुको सम्बन्ध छ । पालिकाले यसलाई बुझ्न नसकेमा नक्कली विकास तर्फ फस्न सक्छ ।

जीवन कसरी जीउने त्यो मानवको इच्छामा भर पर्ने कुरा हो । तर, यो घरपरिवार, सामाजिक परिवेश र गाउँघर छरछिमेकमा विद्यमान परम्परागत ज्ञान सीप, परिपाटी, बोलीबचन, व्यवहार, रितिथितिबाट थोरबहुत निर्देशित हुन्छ । समाजमा स्थापित मूल्यहरूलाई सृजनात्मक ढंगले अनुशरण गर्ने, समुदायका किसान, माटो, धातु, काठ, छाला र अन्य सामग्रीहरूबाट मानवलाई चाहिने वस्तु बनाउने, भएकोलाई मर्मत गरेर समाजको आवश्यकता पूरा गर्ने, महिला, आदिवासी, दलित तथा अन्य जाति विशेषले प्राप्त गरेका सीप र ती सीपहरूबाट निर्माण भएका अर्ग्यानिक सामग्रीहरूले समाजको 'इको सिस्टम'लाई थेगेर बसेका छन् । सबैको महत्व छ । एउटा समुदायले आफूलाई आवश्यक सबै चिजको उपलब्धता वरपर हुने गरि आफ्नो संरचना निर्माण गरेको हुन्छ । एउटा पूर्ण समुदायमा भएका सीप र ज्ञान वा विद्याले सामान्य जीवनलाई आवश्यक सबै कुराको पूर्ती गरेको हुन्छ । समुदायको महत्व बढाएको हुन्छ । पालिकालाई चाहिएको पनि त्यही हो । जसले समुदायलाई, गाउँ, टोल, परिवारलाई फाइदा हुन्छ त्यही ज्ञान र सीपको संरक्षण र प्रबर्धन गर्नु पर्दछ । समुदायको संस्कार, संस्कृतिभन्दा बाहिर गएर जो देखासेखीमा फस्दछ । जसले आफूलाई समुदाय भन्दा अलग बनाउने कुचेष्टा गर्दछ उसको जीवनले उसलाई मानव नभएर मेसिनतूल्य बनाइदिन्छ । उसंग सुख सयल भएपनि उसले आत्मसन्तुष्टि पाउँदैन । आदर्श, नैतिकता, सृजनाशीलता, कल्पना शक्ति उबाट विस्तारै टाँढिदै जान्छ । मानव सृजनशील प्राणी हो । सृजनशीलता सामान्य जीवनमा जति फुर्दछ त्यती व्यस्त जीवनले फुराउन सक्दैन । आधुनिक जीवनले परम्परागत जीवन पद्दतीका धेरै मानवीय मूल्य मान्यताको हत्या गर्दै गएको छ । समुदायको मानवीयतालाई जिवित राख्न गाउँपालिका र नगरपालिकाले विशेष ढंगले नीति बनाएर स्थानीयता सुहाँउँदो कार्यक्रम गर्नु पर्दछ ।

राजनीतिमा केन्द्रिकृत सत्ताको हाबी छ । स्थानीय लोकतन्त्रका लागि, जसको लागि विकास हो उसको चाहना अनुसारका काम हुनका लागि केन्द्रिकृत सत्ता फलदायी हुँदैन । अहिलेको कम्युनिस्टको सरकार भनौ या केपी ओलीको नेतृत्वको सरकारले गरेको संस्थागत भ्रष्टचार र त्यसलाई रोक्न नसक्ने केन्द्रीय शक्तिहरूको रबैयालाई हेर्दा स्थानीय तहमा सामुदायिक शक्तिलाई बलियो बनाएर लानुपर्ने देखिएको छ । त्यसैले सामुदायिक सत्ता नै गाउँका लागि, समुदायका लागि, परिवारका लागि अरूभन्दा उपयोगी हुन्छन् । त्यसैले राजनीतिक सिद्धान्तलाई भन्दा गाउँघरको परिवेश अनुसार फरक परिवेशमा फरकफरक व्यवहारहरु गरेर समस्या समाधानकालागि सिंगो समुदाय सहभागितामूलक ढंगले अघि बढ्नु पर्दछ । यो नै दीगो विधि हो । सामुदायिक सत्ताको अवधारणा पालिकाले मात्र कार्यान्वयन गराउन सक्दछ ।

गाउँघरमा पहिले बनेका सिँचाइ गर्ने कुलोहरु समुदायका किसानहरूले आपसमा पालो पालो शारीरिक श्रम गरेर पानी आउने योग्य बनाउँथे । त्यसले उनीहरूको खेतमा सिँचाइ हुने र जीविकोपार्जनका लागि अन्न, तरकारी उब्जाउने काम हुन्थ्यो । हिजो आज भन्न थालिएको छ, गाउँलेहरूले आफैले मर्मत सम्भार गरि संचालन गरिरहेका सानातिना कुलाहरुमा जब केन्द्रीय सरकारको आँखा पर्दछ तब त्यसमा दशा लाग्न शुरू हुन्छ । अर्थात, सानो कुलोमा क्षमता भन्दा बढी बजेट हालेर ठूलो नहर बनाइन्छ, कमिशनको खेलमा कमसल बनाइन्छ, बाहिरका इन्जिनियरको सहभागितामा बनाइन्छ जसले नहरमा स्थानीय महत्व हटछ् । कुनै बेला ठूलो बाढी आएर भत्किएपछि बर्षौ त्यसको मर्मत हुँदैन । सिँचाइ अवरूद्ध हुन्छ । त्यसपछि किसानको नजरमा त्यसमा दशा लागेजस्तै हुन्छ । त्यसैले भनिन्छ केन्द्रिकृत सत्ता भन्दा परम्परागत सामुदायिक सत्ता स्थानीयताको लागि फलदायी हुन्छ । नेपालमा स्थानीय सरकारको अवधारणा पनि यसकै उपज हो । तर, व्यवहारमा अझै केन्द्रिकृत शासन पद्दती हुनु विडम्बना हो । पालिका नै नागरिकको घरदैलोमा पुगेको हुन्छ । उसले नै यसलाई अगाडि बढाउनु नै पर्दछ ।

खर्चको जोहो गर्न देशका मौरी रूपी यूवाहरु दिनहुँजसो जहाजबाट भुर्रभुर्र उडेर विदेशिएका छन् । गाउँघरमा महिला, दलितसंग भएको सीपको संरक्षण र प्रवर्धन गरिएको छैन । उनीहरूको श्रमको मूल्य नै छैन । स्थानीय जातीय समस्याको मूल मर्म स्थानीय परिवेशमा भिजेकालाई जति थाहा हुन्छ त्यही केन्द्रमा बसेर पोलिसी बनाउनेलाई थाहा हुँदैन । त्यसैले यसलाई पालिकाले नै सही ढंगले सम्वोधन गर्न सक्छ ।

किसान, सीप भएका कारीगर, महिला, दलित, जनजाति, आदिवासीले गर्ने उत्पादनहरु, उनीहरूको कला, सानो तिनो पसल गर्नेहरु, गाउँघरमा विभिन्न सामग्रीको मर्मत सम्भार गरेर परिवार र समुदायको आवश्यकता पूरा गरिदिइरहेका व्यक्तित्वहरूका ज्ञान नयाँ पुस्तामा हस्तान्तरण भइरहेको छैन । यी ज्ञानहरूलाई लोप हुन दिनु हुँदैन । यसलाई नयाँ पुस्तामा हस्तान्तरण गर्ने दायित्व समुदायको हो । त्यसका लागि बातावरण मिलाउने काम स्थानीय सरकारको हो ।

मानवहरूलाई गाउँफर्कने अभियानमा लाग्न अभिप्रेरित गर्ने र गाउँको विद्यालाई संरक्षण गर्ने अभियानमा सरिक हुन आह्वान गर्नु पर्दछ । आश्रमहरूको निर्माण गर्नु पर्दछ । नमुना बस्तीहरु बनाएर काम गर्नु पर्दछ । किसान, गाउँघरका काठ, फलाम, माटो र अन्य बस्तुबाट विभिन्न समाग्री बनाएर जीवन गुजारा गरिरहेका परिवार, हातको सीपको प्रयोग गर्ने, शारिरिक श्रम गरेर समाजको दैनिकी चलाउने मूख्य योगदान दिने समुदाय, माटो, धातुहरूको चित्र, मुर्तिहरु बनाउने सीपवान व्यक्तिहरु, स्वास्थ्य उपचारमा खटिएका प्राकृतिक औषधीमूलो गर्नेहरु, महिला, दलित, मरमत सम्भारमा संलग्न हुनेहरूको सीप र ज्ञान कै बलले समुदायको सबै मानवको जीवन चलिरहेको थियो । यसको संरक्षण गर्नु आवश्यक छ । गाउँदेखि नै यसको पुर्नजागरण गर्नका लागि पालिका सक्रिय नभए सम्भव छैन ।

किसान, कृषि मजदुरले जग्गाको लागि गरेको आन्दोलन, कृषि उपजको उचित मूल्यका लागि गरेको आन्दोलन, सिंचाई, मलखाधका लागि गरेको आन्दोलनका पक्षमा लागिदिनु पर्दछ । जल, जमिन र जंगलमा स्थानीय समुदायको अधिकारको आबाज उठाउनु पर्दछ । प्रत्येक परिवारमा एक रोजगार दिने सरकारी नीतिलाई कार्यान्वय गराउन सकियो भनेपनि हाम्रो गाउँ बचाउन सकिन्छ ।

बजारिकरणाले लोक संस्कृति माथी प्रहार गरिरहेको छ । गाउँघरका मौखिक गाथाहरु पनि इतिहास हो भन्ने विश्वास दिलाउने गरी अभियान संचालन गरिनु पर्दछ । पालिकाहरूले भौतिक विकासका कुराहरूमा मात्र ध्यान नदिएर स्थानीय सीप, कला, संस्कृतिको संरक्षणका लागि पनि उल्लेख्य बजेट विनियोजन गरेर अभियानकै रूपमा केही बर्ष अघि बढाउने हो की ? की यसका लागि पनि बैकल्पिक शक्ति कै खाँचो छ ? पालिकाहरूले पाएको अवसर गुमाउँदैछन् । यहाँ उठाइएको विषयमा केन्द्रित रहेर विकासका मोडल बनाउन नागरिक समाज, बौद्धिक बर्गले पालिकालाई दबाब दिनु पर्दछ । जय गाउँवाद ।


## कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

कोरोना भाईरसबाट बच्ने उपायहरु :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवादन गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौ । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।

धनगढीमाई नगरपालिका कार्यालय, सिरहा



## कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

कोरोना भाईरसबाट बच्ने उपायहरु :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवादन गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।

सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा


लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)